श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त नियमावलीको अनुसूची २ को खण्ड (क) र (ख) को सट्टा देहायबमोजिमको खण्ड (क) र (ख) राखी हेरफेर गरेको छ।

(क) प्रवेश दस्तूर (प्रतिपटक)

| | |
|---|---|
| नेपाली नागरिकलाई | निःशुल्क |
| विदेशी नागरिकलाई | रू. २५०।– |

दश वर्षमुनिका केटाकेटीको लागि प्रवेश दस्तूर लाग्नेछैन।

(ख) माछा मार्ने दस्तूर (प्रतिदिन)

| | |
|---|---|
| नेपाली नागरिकलाई | रू. २०।– |
| विदेशी नागरिकलाई | रू. १००।– |

### सूचना २

वन्य जन्तु आरक्ष नियमावली, २०३४ को नियम २३ क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त नियमावलीको अनुसूची–१ को सट्टा देहाय बमोजिमको अनुसूची–१ राखी हेरफेर गरेको छ।

(क) आरक्षको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रत्येक प्रवेशको लागि)

| | |
|---|---|
| नेपाली नागरिकलाई | रू. ५।– |
| विदेशी नागरिकलाई | रू. २५०।– |

दश वर्षभन्दा मुनिका केटाकेटीलाई प्रवेश दस्तूर लाग्नेछैन।

(ख) क्याम्पिङ्ग (वास बस्ने) दस्तूर (प्रतिव्यक्ति प्रत्येक रातको लागि)

| | |
|---|---|
| नेपाली नागरिकलाई | रू. २०।– |
| विदेशी नागरिकलाई | रू. १००।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।